## मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (दोस्रो संशोधन २०८१ समेत) को दफा ८ को उपदफा (१) र (२) बमोजिम पदपूर्ति समितिको मिति २०८१/१२/२० (नगर प्रहरी जवान) र २०८१/१२/२४ (नगर प्रहरी सहायक निरीक्षक) करार सम्झौताका लागि सिफारिश भएको हुँदा उक्त कार्यविधिको दफा ८(३) अनुसार तपसिल बमोजिमका सफल उम्मेदवारहरुलाई आधारभुत सेवा प्रवेश तालिममा सहभागि भएको मिति देखि लागू हुने गरी १ (एक) वर्षको करार सम्झौता गर्ने र निजहरुको आधारभुत सेवा प्रवेश तालिम कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज) मा सञ्चालन गर्न सम्बन्धित निकायमा पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

१)नगर प्रहरी जवान

| योग्यता क्रम | रोल नं. | उम्मेदवारहरुको नाम, थर | स्थायी ठेगाना | सिफारिश गरिएको वि.नं. | खुला/समावेशी |
|---|---|---|---|---|---|
| १ | ४७ | युवराज सिंह सिख | डुडुवा-०६, बाँके | ०६/२०८१-०८२ | खुला |
| २ | १६ | नितेश बर्मा | ने.ग.-०९, बाँके | ०६/२०८१-०८२ | खुला |
| ३ | ४५ | गणेश खड्का | बाँसगढी-०९, बर्दिया | ०६/२०८१-०८२ | खुला |
| ४ | ९७ | संजय कुमार कोरी | डुडुवा-०६, बाँके | ०६/२०८१-०८२ | खुला |
| ५ | २९ | रमेश थप्नहुवा | राजापुर-१०, बर्दिया | ०८/२०८१-०८२ | आ.ज. |
| ६ | १ | जिवन कुमार मौर्य | डुडुवा-६,बाँके | ०९/२०८१-०८२ | मधेसी |
| ७ | ८३ | मनिषा सुनार | ने.ग.-०१, बाँके | ०७/२०८१-०८२ | महिला |

२)नगर प्रहरी सहायक निरीक्षक

| योग्यता क्रम | रोल नं. | उम्मेदवारको नाम, थर | स्थायी ठेगाना | सिफारिश गरिएको वि.नं. | खुला/समावेशी |
|---|---|---|---|---|---|
| १ | १ | तुफान वि.क | खजुरा-६, बाँके | ०५/२०८१-०८२ | खुला |

### निर्णय नं. २

यस नेपालगञ्ज उप-महानगरपालिका १४ नं. वडामा रहेको नेपालगञ्ज सिटी हल सञ्चालनका लागि अर्को व्यवस्था नहुन्जेल सम्मका लागि हाललाई दैनिक रु.२००००.०० (बीस हजार मात्र) भाडा लिई सञ्चालन गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ३**

नेपालगञ्ज उप-महानगरपालिकामा आगामी आ.व. २०८२।०८३ का लागि प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम बजेट तथा योजना शाखा र सडक तथा अन्य पूर्वाधार शाखाको समन्वय तथा छलफलमा वेहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालमा पठाउने निर्णय गरियो।

**प्रदेश समपूरक अनुदान अन्तर्गतका योजनाहरु**

| क्र.सं. | योजना/कार्यक्रम को नाम | वडा नं. | कुल लागत अनुमान रु. | उप-महानगरपालिकाले व्यहोर्ने रकम रु. | लुम्बिनी प्रदेशले व्यहोर्ने रकम रु. | अवधि |
|---|---|---|---|---|---|---|
| १ | १२ नं वडा कार्यालय हुदै जाने सडक, फुलबारी टोलको सडक र कृष्णासार एफ.एम हुँदै जाने सडक कालोपत्रे तथा स्तरोन्नती | १२ | ३,०३,९०,१३८.२२ | १,८२,३४,०८२.९३ | १,२१,५६,०५५.२९ | १ वर्ष |
| २ | नेपालगञ्ज उप-महानगरपालिका भित्र छुटेको सडक निर्माण तथा स्तरोउन्नति | विभिन्न वडा | ७,००,००,०००.०० | ४,२०,००,०००.०० | २,८०,००,०००.०० | १ वर्ष |

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत आयुर्वेद शाखामा कार्यरत कविराज निरिक्षक, अधिकृत छैठौं तहमा कार्यरत सुरेश पुनले यस कार्यालयमा मिति २०८१/१२/१३ गते पेश गर्नुभएको निवेदनानुसार निजले आयुर्वेद स्नातक तहको कोर्ष (BAMS) उत्तीर्ण गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भईसकेकोले कार्यालय समय बाहेक निजी अभ्यासको लागि सहमती माग गर्नुभएको हुंदा निजलाई कार्यालयको कामकाजमा बाधा अवरोध नपर्ने गरी कार्यालय समय बाहेक निजी अभ्यासका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ५**

यस नेपालगञ्ज उप-महानगरपालिका स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मी.(अधिकृतस्तर छैठौंतह) श्री निर्मला खनालले चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर भर्नाको लागि लिएको एकिकृत प्रवेश परीक्षामा सहभागि भई सफल भएको र सरकारी कोटामा Master in Nursing (MSc Nursing) अध्ययनको लागि BPKIHS (B.P. Koirala Institute of Health Science) धरानमा छनौट भएको हुँदा स्नातकोत्तर तहमा अध्ययन गर्न तलबी अध्ययन विदा स्वीकृत गरि पाउँ भनि मिति २०८१/१२/०३ गते निवेदन पेश गर्नुभएको, सो बिषय निजको सेवा समूह तथा कार्यालयलाई समेत उपयोगी हुने भन्ने व्यहोरा समेतको प्रस्ताव उपर छलफल गर्दा निवेदक श्री निर्मला खनाल सि.अ.न.मी.(अधिकृतस्तर छैठौंतह) लाई Master in Nursing (MSc Nursing) BPKIHS (B.P. Koirala Institute of Health Science) धरानमा अध्ययन गर्न तलबी अध्ययन विदा स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपालमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सम्मानित श्री उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज ईजलासमा मिति २०८१ साल चैत्र महिना ३१ गते चढाएको मेलमिलाप सम्बन्धी प्रतिवेदन, श्री हनुमान आधारभुत विद्यालय नेपालगञ्ज, १५, बाँकेको आर्थिक सहयोग सम्बन्धको प.सं. २०८१/०८२, च.नं. ५९, मिति २०८१/१२/३१ गतेको पत्र तथा सो बमोजिम नेपालगञ्ज उप-महानगरपालिका १५ नं. वडा कार्यालयको प.सं. ०८१/०८२, च.नं. ८४७, मिति २०८२/०१/०२ को पत्रानुसार जग्गा धनी शालिकराम जैसी वादी र श्री हनुमान आ.वि. जमुनहा प्रतिवादी भएको अनाधिकृत जग्गा मुद्दा सम्मानीत श्री उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा विचाराधिन अवस्थामा रहेकोमा वादी सालिकराम जैसीलाई जग्गाको क्षतिपूर्ति वापत रकम रु.२०८०००.०० (दुई लाख आठ हजार मात्र) र मुद्दा मिलापत्र जग्गा दर्ता समेतको अन्य खर्च रकम रु.४२०००.०० गरी जम्मा रकम रु.२५००००.०० (दुई लाख पचास हजार मात्र) विद्यालयमा नभएको हुँदा नेपालगञ्ज उप-महानगरपालिकामा मागका लागि अनुरोध भै आएको हुँदा उक्त मुद्दा मिलापत्र मार्फत किनारा गर्ने सम्बन्धमा कार्यपालिका बैठकमा छलफल भई अदालतको रोहवरमा मिलापत्रमार्फत मुद्दाको किनारा लगाउन श्री हनुमान आधारभुत विद्यालय नेपालगञ्ज, १५, बाँकेको नाममा जम्मा रकम रु.२५००००.०० (दुई लाख पचास हजार मात्र) आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

पूर्वाधार विकास समिति र विधेयक समितिको सिफारिस अनुसार कार्यपालिका बैठकमा छलफल भएको नेपालगञ्ज उप-महानगरपालिकाको उर्जा प्रभावकारिता सम्बन्धी विशेष मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ८**

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट प्राप्त प्रस्तावहरु उपर कार्यपालिका बैठकमा छलफल हुँदा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**नि.नं. ८.१**

स्थानीय बालमैत्री शासनका न्यूनतम ५१ वटा सूचकहरु नै कायम हुने र सो सूचकहरुलाई मापन योग्य बनाउनका लागि स्थानीय बालमैत्री शासन कार्यान्वयन समितिको मिति २०८१।१२।१७ गतेको बैठकबाट मस्यौदा तयारी र सिफारिस गरिएको बालमैत्री स्थानीय शासन सूचक स्थानीयकरणका लागि पेश भएको सूचक स्थानीयकरण दस्तावेज, २०८१ स्वीकृत गर्ने ।

**नि.नं. ८.२**

बालमैत्री नगर सम्पर्क व्यक्तिका रुपमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख पवित्रा कुमारी पूरी र बालमैत्री नगर सहजकर्ताका रुपमा सहायक महिला विकास निरीक्षक अनुपमा द्विवेदीलाई जिम्मेवारी तोक्ने ।

**नि.नं. ८.३**

यस उप-महानगरपालिकाको नगरस्तरीय स्थानीय बालमैत्री शासन समितिको मिति २०८१।०९।०८ गतेको बैठकबाट निर्णय भई पेश भएको बालमैत्री आचारसंहिता (विद्यालय, अभिभावक, नगरपालिका, वडा, गैरसरकारी संस्था) स्वीकृत गर्ने ।

**नि.नं. ८.४**

स्थानीय बालमैत्री शासनका अबलम्बनको पूर्वतयारी चरण सम्पन्न भएकाले स्थानीय बालमैत्री शासन कार्यान्वयन (मिति २०८३ असार मसान्त सम्म सबै वडा घोषणा सहित) प्रतिवद्धता व्यक्त गर्ने ।

**नि.नं. ८.५**

यस उप-महानगरपालिकाको बालबालिकाको अवस्था सम्बन्धी बस्तुगत विवरण (प्रोफाईल), २०८१ को मस्यौदा स्वीकृति गर्ने ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

नि.नं. ८.६

मिति २०८१।०९।०८ गतेको कार्यपालिकाको बैठकको निर्णय (निर्णय नं ७) अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री तथा कृत्रिम हात र खुट्टा निमार्णको लागि भारतको राजिस्थान जयपुरमा निशुल्क उपलब्ध हुनु भएकोले उक्त स्थानमा अपाङ्गता भएका व्यक्तिहरुलाई लैजाने भनी निर्णय भए बमोजिम उक्त कार्यको लागि विविध कारणवश आउनेजाने यातायात, दैनिक बस्ने खाने व्यवस्थापनमा स्थानीय मापदण्ड अनुसार व्यवस्थापनमा समस्या देखिएको व्यहोरा सम्बन्धित शाखा तथा अपाङ्गता समन्वय समितिबाट अनुरोध भएकोले उल्लेखित कार्य बजेटको परिधि भित्र रही सहायक सामाग्री तथा कृत्रिम हात र खुट्टा निमार्णको कार्य गर्ने स्थानीय संघ संस्थासँग समन्वय तथा सहकार्य गरी सेवा उपलब्ध गराउने ।

निर्णय नं. ९

नेपालगञ्ज उप-महानगरपालिका जडीबुटी, कवाडी र जीवजन्तु कर संकलनको लागि श्री कृष्ण बिल्डर्स, कोहलपुर-१२ बाँके र यस कार्यालय बिच कर संकलन गर्न दिने/लिने गरी मिति २०७८/१०/०७ गते भएको २ (दुई) वर्ष अवधिको द्विपक्षिय सम्झौता मिति २०८०/१०/०६ गते सकिएको र यस अघि मिति २०८०/१०/१० गते नयाँ टेण्डर आव्हान गरिएकोमा पेश हुन आएका जम्मा दुई जना बोलपत्रदातालाई सम्झौताको लागि पटक पटक जानकारी दिएर ताकेता गर्दा समेत सम्झौता गर्न नआएको हुँदा पुनः बोलपत्र बोलपत्र आव्हान गर्न न्यूनतम वार्षिक मूल्य रकम ६१०००००/-(अक्षरुपी एकसट्ठि लाख मात्र) कर बाहेक कायम गरी बढाबढमा मिति २०८१/०९/१४ गते र २०८१/११/२३ गते आय बोलपत्र आव्हान गर्दा समेत बोलपत्र आवेदन नपरेकोले साविको रकममा परिमार्जन गरी न्यूनतम वार्षिक मूल्य रकम ४१०००००/-(अक्षरुपी एकचालीस लाख मात्र) मूल्य अभिवृद्धि कर समेत कायम गरी बढाबढमा बोलपत्र आव्हान गर्ने मिति २०८१/१२/३१ गते बसेको राजस्व परामर्श समितिको बैठकको सिफारिस व्यहोरा राजश्व शाखाबाट कार्यपालिका बैठकमा पेश भई छलफल हुँदा राजश्व परामर्श समितिको निर्णय बमोजिम बोलपत्र सूचना आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. १०

भू-उपयोग नियमावली (पहिलो संशोधन), २०८० मा उल्लेख क्षेत्र वर्गिकरण आधार, मापदण्ड तथा क्षेत्रफल र भू-उपयोग नक्शा तयारका लागि नगर कार्यपालिकाद्वारा स्वीकृत मापदण्ड, २०८१ अनुरुप तयार भएको नगर भू-उपयोग नक्शा स्थानीय भू-उपयोग परिषद्बाट स्वीकृत गरियो । (भू-उपयोग ऐन, २०७६ को दफा १८(२) मा "सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषद्को रुपमा कार्य गर्नेछ" भन्ने उल्लेख भएको )



ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ११

मंगल प्रसाद महिला कलेजको प.सं. २०८१/०८२, च.नं. १०१, मिति २०८२/०१/०३ गतेको पत्रानुसार कलेजको लेखा परिक्षक नियुक्त गरिदिनहुन पत्राचार भएकोमा नेपालगञ्ज उप-महानगरपालिकाको महिला कलेज सञ्चालन विनियम, २०७८ को परिच्छेद ४ को बुँदा नं. ८ बमोजिम कलेजको बार्षिक आय व्ययको लेखा परीक्षण नेपालगञ्ज उप-महानगरपालिकाद्वारा नियुक्त लेखा परीक्षकबाट हुने भन्ने व्यवस्था भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८(१) बमोजिम लेखा परीक्षक नियुक्ति गर्ने विषयमा बैठकमा छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख, नगर शिक्षा अधिकृत श्री गोर्ख बहादुर थापालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

श्री मंगल प्रसाद माध्यमिक विद्यालय, नेपालगञ्ज, बाँकेको पत्र संख्या २०८१/०८२, चलानी नं. २१६, मिति २०८२/०१/०३ गतेको पत्रानुसार आ.व.२०८१/०८२ मा विद्यालयको नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राप्त बजेट रकमबाट रु.१६,८२,५४५.१७ (सोह लाख वयासी हजार पाँच सय पैंचालिस रुपैयाँ सत्र पैसा मात्र) बचत हुन आएको, शैक्षिक व्यवस्थापन अन्तर्गत रकम रु. १०,४३,६७३.२१ (दश लाख त्रिचालीस हजार छ सय त्रिहत्तर रुपैया एक्काईस पैसा मात्र) बचत भएको र विज्ञान प्रवर्द्धन शिर्षकको रकमबाट रु.९,२३,००४.०९ (नौ लाख तेईस हजार चार रुपैया नौ पैसा मात्र) बचत भएको रकम बराबरको कार्यको खर्च गर्नका लागि अनुमति माग भएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१।०४।११ को निर्णयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि (आर्थिक वर्ष २०८१/८२) बमोजिम खर्च गर्नका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

राष्ट्रिय जनमोर्चा जिल्ला कार्यालय, बाँकेको प.सं. ०८१/०८२, च.नं. ४८, मिति २०८१/१२/१० गतेको पत्रानुसार आर्थिक सहयोगका लागि माग भएको हुँदा सोको लागि जम्मा रकम रु.१५०००.०० (पन्ध्र हजार मात्र) आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट राष्ट्रिय जनमोर्चालाई भुक्तानी दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

**मिति २०८२/०१/०४ गतेको नगर कार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. १४**

नेपालगञ्ज उप-महानगरपालिका धार्मिक, सांस्कृतिक, सामाजिक विविधताले भरीपूर्ण पुरानो ऐतिहासिक शहरको रुपमा चिनिदै आएको सन्दर्भमा मुस्लिम समुदायको जामा मस्जिद, शिख समुदायको गुरुद्वारा, हिन्दुहरुको बागेश्वरी मन्दिर, १०८ फिटे हनुमानगढी परिसरको धार्मिक तथा सांस्कृतिक महत्व रहेकोले वि.पी. चोकदेखि वीरेन्द्र चोक हुँदै बागेश्वरी प्रवेशद्वार, स्टारलज हुँदै, पूर्वतर्फ घरवारीटोल पिपलबोट, भानुभक्त चोक, दक्षिणतर्फ त्रिवेणी मोड हुँदै पश्चिमतर्फ बागेश्वरी मन्दिर, खानेपानी ट्याङ्की, १०८ फिटे हनुमानगढी, गुरुद्वारा, जामा मस्जिद, वि.पी. चोकसम्म धार्मिक सदभावको सर्किट (क्षेत्र) को रुपमा व्यवस्थित गरी योजनाबद्ध विकासका लागि पहल गर्ने निर्णय गरियो ।

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत